# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड
## अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.)
## जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०।११।१९ गते**

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडद्वारा प्रवर्द्धित अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.) को पहुँच मार्ग निर्माण गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/११/०६ गतेको निर्णय बमोजिम सङ्खुवासभा जिल्लामा पहुँच सडक निर्माणका लागि २१.२६७ (एक्काइस दशमलव दुई छ सात) हेक्टर वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त भएको थियो । अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.) र नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग बीच गर्न लागिएको सम्झौताका लागि वन ऐन २०७६ को दफा ४२ को उपदफा (२) तथा वन नियमावली, २०७९ को नियम ९१ को उपनियम (१) बमोजिम आयोजनाले राष्ट्रिय वनको जग्गा प्रयोग गरे बापत २१.२६७ हेक्टर क्षेत्रफलको जग्गाभन्दा कम नहुने गरी सट्टाभर्ना स्वरूप जग्गा उपलब्ध गराउनुपर्ने भएकोले कोशी प्रदेशको सङ्खुवासभा जिल्ला, भोटखोला गाउँपालिकामा आयोजना स्थल नजिक पर्ने, राष्ट्रिय वनसँग जोडिएको, समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वन विकास गर्न सकिने भू-बनोट भएको २१.२६७ हेक्टर क्षेत्रफल बराबरको एकमुष्ट जग्गा आवश्यक भएकोले इच्छुक व्यक्ति वा संस्थाको नाममा कायम रहेको निजी आवादी जग्गा बिक्री गर्न चाहेमा स्वयंले आफ्नो जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपी, यस आर्थिक वर्षमा भूमिकर बुझाएको रसिदको फोटोकपी सहित के-कति दररेटमा जग्गा प्रदान गर्न सकिने हो ? सोको विवरण यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नलिखित ठेगानामा आइपुग्ने गरी प्रस्ताव पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्ताव पेस गर्ने ठेगाना :**


अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

शान्तिप्रिय मार्ग, महाराजगञ्ज, काठमाडौं ।

सम्पर्क नं.: ०१-४७२०५४३, ०१-४७२०५५३

इमेल ठेगाना : uahelnea@gmail.com